कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष ३ अंक १०५ ने. सं. ११३३ गुंलाथ्व पारु बुधवाः २०७० साउन २३ गते बुधवार (Aug -7 2013) मुल्य : ५/– (न्यातका)

## सुचना ! सूचना !!

क्रियटिभ एकेडेमी, नयाँ बजार, कीर्तिपुर मा प्लेग्रुप कक्षामा २ वर्षभन्दा माथिका नानीहरूको भर्ना लिइरहेको जानकारी गराउँदछौं ।

प्रिन्सिपल

**क्रिएटिभ एकेडेमी**

नयाँ बजार, कीर्तिपुर

फोनः ४३३४१२३, ४३३६१०७

# कुन कुन पार्टीका के के मुद्दा ?

**सन्दर्भः निकासका लागि राजनीतिक शक्तिहरुसंगको बैठक**

चार राजनीतिक शक्तिको उच्चस्तरीय राजनीतिक समितिले मुलुकको निकासकालागि भनी आन्दोलनरत राजनीतिक दल तथा मोर्चाका नेताहरुसंग वार्ता सुरु गरेको छ। वार्तामा दल तथा मोर्चाहरुले आ–आफ्नै माग राखेका छन्। ती मोर्चा तथा दलहरुले उठाएका मुद्दाहरु यस प्रकार छन्।



## ३३ दलको १८ बुँदे माग

उच्चस्तरीय राजनीतिक समितिसंग मंगलवार वार्ताको क्रममा मोहन बैद्यले नेतृत्व गरेको नेकपा–माओवादी सहितको ३३ दलीय मोर्चाले १८ बुँदे माग पेश गरेका छन्। २५ बुँदे बाधा अड्काउ फुकाउ आदेश खारेज गर्नुपर्ने, मंसिर ४ को निर्वाचन, निर्वाचन सम्वन्धि ऐन, क्षेत्र निर्धारण आयोग आचार संहिता लगायतका निर्वाचन सम्वन्धि सम्पूर्ण कार्यतालिकाहरु राजनीतिक समिति नभए सम्म स्थगित गर्नुपर्ने, विघटन भएको संविधानसभामा असहमति भएका विषयमा मात्रै नयाँ बन्ने संविधानसभामा छलफल गरि निष्कर्षमा जाने जस्ता विषय समावेश गरिएको छ।



## उपेन्द्रको ६ बुँदे बटमलाइन

उच्चस्तरीय राजनीतिक समितिसंग मंगलवार वार्ताको क्रममा मधेसी जनअधिकार फोरमका अधयक्ष उपेन्द्र यादवले ६ बुँदे बटम लाईन प्रस्ताव गरेको छ। उहाँले राखेका सर्तहरूमा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीश पदवाट राजीनामा दिनुपर्ने, चार दलीय संयन्त्र खारेज गर्नुपर्ने, जनसंख्या अनुपातमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने, मतदाता नामावलीको म्याद थप्नुपर्ने, कुल सिट संख्यामा ५८ प्रतिशत समानुपातिक हुनुपर्ने माग गरेका थिए।

## राईको प्रमुख माग समानुपातिक



उच्चस्तरीय राजनीतिक समितिसंग अशोक राईको नेतृत्वमा रहेको संघीय समाजवादी पार्टी नेपालले आज बुधवार वार्ता गर्ने भएको छ। सो वार्तामा राईको नेतृत्वमा रहेको संघीय समाजवादी पार्टीले मूल रुपमा समानुपातिक प्रतिनिधित्वको संख्यालाई घटाउन नहुने माग राख्ने भएको छ। २५ बुँदाको बाधा अड्काउ, ११ बुँदे समझौता खारेज गर्नुपर्ने, त्यसै गरि रोजगारको सिलसिलामा विदेशमा गएका नेपालीहरुले पनि मतदान गर्न पाउनुपर्ने लगाएतका मुद्दा उठाउने बताइएको छ।

**यसरी वार्ता भइरहँदा अब उच्चस्तरीय राजनीतिक समितिका दलहरु वीच नै आन्दोलनरत दलका मागका विषयमा विवाद हुने अनुमान गर्न थालिएको छ।**

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रगसको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

## घर/फ्लाट भाडामा चाहियो

**यस मोबिल्याण्ड ग्रुप अफ कम्पनीज्को लागि निम्न सुबिधाहरू भएको घर अथवा फल्याट भाडामा चाहिएको हुनाले के कति सर्त, के कति दर र के कति समयका लागि दिन सक्ने उल्लेख गरि रित पुर्वक निवेदन दिनहुन अनुरोध गरिन्छ।**

**१. चाहिने स्पेश ( फल्याट भएमा १५००(२००० स्क्वायर फुट**

**२. घर भएमा कम्तिमा १२ह१२ का कोठाहरू १० वटा वा सो भन्दा बढी हुनु पर्ने, १ वटा हल, १ वटा किचेन, २ वटा ट्वाईलेट आदि हुनुपर्ने**

**३. पार्किङ्ग सुबिधा हुनुपर्ने।**

**४. कीर्तिपुर रिङ्गरोड वा त्यसको १०० मिटरको दुरीमा हुनुपर्ने।**

मोविल्याण्ड ग्रुप अफ कम्पनीज्

नयाँबजार, कीर्तिपुर–३, फोन ४३३६७७६, ४३३२०५७

## कोरियन भाषाकक्षाहरु

धमाधम सञ्चालन

**प्रशिक्षकहरुः**

दक्ष, अनुभवी, वरिष्ठ र अनुवादक

विगतवर्षहरुका विद्यार्थीहरुले १००% नतिजा ल्याउन सफल

***Our Services:***

- All students are given a copy of the ***New Korean Course Book*** and ***Self Study Book*** and ***CDs*** Listening practice
- The courses provide guidance and practice in all aspects of Korean Learning [Speaking, listening, reading, writing]
- The course focuses on the exam techniques required to succeed at EPS-TOPIK or class time is mostly devoted to speaking and communication practice and reading and writing tasks are set as homework
- Self study tests are available at Valley Institute, Kirtipur & Bagbazar & Power Point facilities [Projector Classes]
- After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

**VALLEY INSTITUTE**

Time: Morning, Day & Evening

Ph: 01-4332509/9849421216

Near Kirtipur New Gate

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रबन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# कीर्तिपुर अस्पताल र कीर्तिपुरवासी

**गत साउन १६ गते कीर्तिपुर अस्पताल संचालनको सन्दर्भमा कीर्तिपुरमा क्रियाशिल विभिन्न राजनीतिक पार्टीका प्रतिनिधि, बुद्धिजीवी, नागरिक समाजका अगुवा र फेक्टका प्रतिनिधिहरु समेत सहभागी भएको 'मिनि गोलमेच सभा' मा अब कीर्तिपुर अस्पताल संचालनका लागि जनप्रतिनिधिहरु नभएसम्मका लागि दलका प्रतिनिधिहरु सहभागी एक तदर्थ समिति बनाई अस्पताल संचालन गर्ने जुन ढंगवाट सहमति भएको छ यो कीर्तिपुरवासीकालागि अत्यन्तै सकारात्मक कुरा हो भन्न सकिन्छ ।**

**लामो समयदेखि कीर्तिपुरवासीले कीर्तिपुर अस्पताललाई आफ्नो अस्पतालको रुपमा मनैदेखि स्वीकार गर्न नसकिरहेको अवस्थामा अब कीर्तिपुरमा क्रियाशिल राजनीतिक दल एमाओवादी, नेकपा–माओवादी, कांग्रेस, एमाले, संघीय समाजवादी, नेपाल मजदुर किसान पार्टी र नेपाः राष्ट्रिय पार्टीका प्रतिनिधिहरु सहभागी गराई अस्पताल संचालनका लागि तदर्थ समिति बनाउने भनी फेक्टले गरेको प्रतिबद्धतालाई सकारात्मक रुपमा लिनु पर्दछ ।**

**स्थानीय निकायको निर्वाचन नभएसम्म कीर्तिपुरमा क्रियाशिल ती राजनीतिक पार्टीहरुले कीर्तिपुरवासीको भावनालाई बुझेर कीर्तिपुरवासीलाई सस्तो र राम्रो स्वास्थ्य सुविधा दिन भूमिका निर्वाह गर्नुपर्ने अवस्था छ । अतः अब दलहरु र फेक्टले कीर्तिपुर अस्पताललाई कसरी संचालन गर्ने हो त्यो भने भोलिका दिनमा अवश्य पनि कीर्तिपुरवासीले अनुभुति गर्न पाउने छ ।**

## देशको हाल यस्तै रहेछ



राम महर्जन
कीनपा–१६, नगाउँ

शक्तिशाली कुर्सी सिंहदरवारमा
आरामदायी बसोबास वालुवाटारमा
सत्ता तानातान नेताहरूमा
मनमोजको शासन नेपालमा ॥१॥
सल्लाह सुझाव दिल्लीमा
छलफल दलिय वैठकमा
षडयन्त्र सबैको मन मनमा
असफल समाचार जन जनमा ॥२॥
भद्रगोल राजनीति नेपालमा
पर्यटक चढ्छ हिमालमा
कलात्मक बुट्टा मन्दिरको टुँडालमा
सद्बुद्धि हुँदैन चण्डालमा ॥३॥
भ्रष्ट दुब्छ भ्रष्टाचारमा
पापी रमाउँछ अत्याचारमा
धर्मात्मा रमाउँछ सदाचारमा
[redacted] समाज सुधारमा ॥४॥
[redacted] वले जानुन
[redacted] मानुन
[redacted] उत्तम ठानुन
[redacted] बुझुन ॥५॥
[redacted] हुन्छ
[redacted] धन वर्षा हुन्छ
[redacted] हाहाकार चल्छ
[redacted] रहेछ ॥६॥

# एउटा गुमेको देश सिक्किमको कथा

## सिक्किमको विगत र नेपालको भविष्य

–इन्द्रजीत मुखिया–

चोग्यालले यसको निहितार्थ बुझे । उनले यस विषयमा मसँग छलफल गरे । जब म उनको प्रमुख कार्यकारी थिएँ, सरकार प्रमुख र सभामुख पनि थिएँ, त्यसैले उनले यसको विरोधको साधन मलाई बनाउन चाहेका थिए । उनले यस्तो प्रस्तावको वैधतामाथि प्रश्न उठाउन प्रमुख व्यक्तिहरू र महिला वकिल मित्रसँग परामर्श गर्दै थिए । मैले उनलाई उनको विरोधको अर्थ के हुन्छ भन्नेबारे स्पष्टसँग बताइदिएँ । एक स्वतन्त्र राज्यको रूपमा सिक्किमको कुनै कानुनी हैसियत थिएन । मैले उनलाई यो सम्झना गराइदिएँ कि उनी भारतका अरू राजा-र जौटाहरूकै समान हैसियतमा थिए, भारतीय सेनाका मानार्थ मेजर जनरल थिए र उनी सदैव बृहत भारतीय राजनीतिक प्रणालीका अंग थिए । साथै एक व्यक्ति एक मतका आधारमा चुनिएको राष्ट्रिय संसदलाई यस प्रकारको संकल्प पारित गर्ने अधिकार हुन्छ । मैले उनलाई आफ्नै हैसियतप्रति पनि सावधान बनाएँ । ८ मेको सम्झौताले उनलाई संवैधानिक प्रमुख बनाएको थियो र भारतले उनका वंशजलाई पनि यो हैसियत दिने आश्वस्त पारेको थियो ।

मैले उनलाई यो पद जोगाइ राख्न पनि सुझाएँ । किनभने सिक्किम एक स्वतन्त्र देश कहिल्यै बन्न सक्दैन, किनभने बेलायती पालामा समेत यो भारतद्वारा संरक्षित थियो । सिक्किमको आफ्नै हितका लागि, यसको शान्ति र समृद्धिका लागि सिक्किम कंग्रेसले माग गरे अनुसारको भारतसँगको निकट सम्बन्ध नै सही उपाय हो । सिक्किमको सांस्कृतिक परिचयको सँधै संरक्षण गरिनेछ र चोग्यालवंशको पनि । उनले मेरो कुरा सुने तर कुनै प्रतिक्रिया दिएनन् । तर जब उनले १९७४ जुलाईमा सिक्किमको भारतीय प्रणालीभित्र रहेर भारतसँगको निकट र जनीतिक र आर्थिक सम्बन्धको महत्व बुझेर सहयोगका लागि मलाई भेटे, त्यतिबेला निकै ढिला भइसकेको थियो ।

संसदमा एकजनाको विरोध बाहेक सजिलै संकल्प प्रस्ताव पारित भयो । सिक्किम भारतको एउटा सहयोगी राज्य बन्यो । काजी लेन्डुप दोर्जी मुख्यमन्त्री बने । सभामुख पनि नियुक्त गरिए । अन्ततः १९७५मा सिक्किम भारतमा विलय भएपछि मेरो पदलाई पुनः संरचना गरी गभर्नर बनाइयो । मेरा उतराधिकारीका रूपमा आएका बीबी लाल त्यहाँका गभर्नर बने ।

सुरुमा सहयोगी राज्य बनेर पछि भारतमा सिक्किमको विलय हुनु चोग्यालले सन् १९७५ मा नेपाल गएका बेला लिएको गलत सल्लाहको परिणाम हो । नेपालको राजाको राज्याभिषेकमा भाग लिन गएका बेला उनले चिनियाँहरूलाई भेटेका र त्यतिबेला गरेका केही गम्भीर र जनीतिक टिप्पणीले ग्यान्टोकको सरकार र भारत दुबैसँग उनको असमझदारी बढायो । त्यसैले सिक्किम कंग्रेसले चोग्याल हटाउने र भारतमा गाभिन माग गर्‍यो । यसका लागि जनमत संग्रह गरियो र त्यसमा निकै अन्तरले हारेपछि चोग्याल अन्तिम पटक पराजित भए आफ्नै आधिराज्य गुमाए ।

थोन्डुप नामग्याल (चोग्याल) धेरै हिसावले अद्वितीय व्यक्तित्व थिए । सिक्किमको अलग पहिचान रहेको देखाउन उनी कहिल्यै हिच्किचाएनन् । आफ्नो राज्य गुमाउने प्रतिकूल अवस्थामा पनि उनले आफ्नो मर्यादा विपरीत कुनै सम्झौता गरेनन् । दूरदृष्टि नभएका भनेर उनलाई भन्न सकिन्छ तर एक अलग देशका रूममा सिक्किमको आफ्नो संकल्पलाई उनले कहिल्यै डगमगाउन दिएनन् । एक पटकचाहिँ उनले आफ्नो हार स्वीकार गरे र आत्महत्या प्रयाससमेत गरे । उनले आफ्ना उत्तराधिकारी, जेठा छोरलाई दुर्घटनामा गुमाए । होप कुक उनलाई छाडेर दुई सन्तान लिई अमेरिका फर्किसकेकी थिइन् । यो सबै सहन निकै गाह्रो थियो । बम्बईमा १९७९ मा उनी मलाई भेट्न आएका थिए । भने, 'मिस्टर दास, मैले तपाईंको सल्लाह सुनेको भए हुने रहेछ ।' उनी उपचारका लागि अमेरिका गएका थिए कहिल्यै फर्केनन् । क्यान्सरले बिते ।

सिक्किमको कथा तीनजना महिला इन्दिरा गान्धी, होप कुक र काजी लेन्डुप दोर्जीकी बेल्जियन श्रीमतीको प्रतिष्ठाको लडाइँसँग पनि जोडिएको छ । प्रधानमन्त्रीको श्रीमती हुन उनले काजीसँग बिहे गरेकी थिइन् । काजी फगत मोहरामत्र थिए, उनलाई आफ्नो महत्वकांक्षाका लागि प्रयोग गर्ने कजिनी नै थिइन् । काजीलाई भेट्नुअघि उनी टर्कीका कमाल अतातुर्क र चीनका चाउ एनलाई नजिक थिइन् भनेर उनी आफै सुनाउँथिन् । उनले नेपाली नर वहादुर (खतिवडा) लाई छोरा बनाएर आन्दोलनमा उतारेकी थिइन् । चोग्याल र होप कुक यिनलाई घृणा गर्थे । अमेरिकी र बेल्जियन महिलाहरूले विध्वंसात्मक भूमिका निर्वाह गरे । सिक्किमेली राजनीतिका मुख्य खेलाडी चोग्याल र काजीलाई आफ्नो महत्वाकांक्षाका लागि आफू अनुकूल प्रयोग गरे । सिक्किमको पहिचान कायमै राख्ने भन्ने ठूलो मुद्दालाई प्रजातान्त्रिक प्रक्रियाबाट सानो बनाउँदै जानुपर्नेमा उनीहरूका गलत कामका कारण आफ्नै संरक्षकको पतन निम्त्याए । यो जसरी भयो, त्यो दुःखद कुरा हो । ८ मेको सम्झौता भारतसँग सिक्किमको विलयको दिगो प्रक्रिया हुन सक्थ्यो । खासमा हामीले सिक्किम भारतमा त्यसरी नै मिलाउन चाहेका थियौं, जसरी अरू राज्यलाई मिलाइएको थियो । सिक्किमको नयाँ परिचयको योजनाकार इन्दिरा गान्धी थिइन् । अति भावुक हुनाका बाबजुद उनले निर्णय प्रक्रियामा कुनै भावुकता देखाइनन् । आफ्नो लक्ष्य प्राप्तिका लागि उनी निर्दयी बन्न सक्थिन् । उनीजस्तो अर्को कोही हुन सक्दैन । सिक्किम भारतको भाग हो भन्ने स्वीकार गरी चीनले नाथुलामा भारत-चीनको व्यापार नाका खुला गर्नु पनि भारतले चालेको कदमको परिणाम नै हो । भुटानलाई उसको संयुक्त राष्ट्रसंघीय सदस्यता 'स्पोन्सर' गर्न इन्दिरा गान्धी आफै गइन् । चीनले भुटान र सिक्किमलाई आफ्नो हातका दुई औंला भनेर देखाइरहेका बेला ती दुबैले चीनको आधिपत्य-दावीबाट छुटकारा पाए । यो मेरो सौभाग्य हो कि यो दुवै मुद्दामा मैले मुख्य भूमिका निर्वाह गर्न पाएँ । नेपाल, भुटान र सिक्किमको हिमालय शृंखला भारतीय सुरक्षाका बाह्य परिधि हुन भन्ने मान्यता त्यसैकारण स्थापित भयो, जसलाई चीनलगायत विश्व समुदायले मान्यता दिएको छ । समाप्त

# १९ औं आदिवासी दिवसको उपलक्ष्यमा कीर्तिपुरमा र्‍याली हुने

हरेक वर्षको अगस्त ९ तारिखलाई विस्व आदिवासी दिवसको रुपमा संसारभरि मनाइन्छ । यसै अवसरमा नेपाल आदिवासी जनजाति महासंघले विविध कार्यक्रम गरी यही श्रावण १७ गतेदेखि २५ गतेसम्म मनाईरहेको छ । आदिवासी जनजाति महासंघले यस वर्षको नारा यस प्रकार तय गरेको छ ।

"आदिवासी जनजाति अभियान, पहिचान, संघीयता र पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्वको लागि नयाँ संविधान"

निकट भविष्यमा हुने भनिएको संविधानसभामा समानुपातिक सिट संख्या घटाएर एक किसिमले संविधानसभामा आदिवासी जनजातिहरूको प्रतिनिधित्व कम गराउन खोजेको अवस्थामा यो दिवसको ठूलो महत्व रहन गएको छ ।

आदिवासी जनजाति भनेकै नेपालका मूलवासी हुन भनी आवाज उठाउँदै आएको मूलवासी नागरिक समाजले १९ औं विश्व आदिवासी दिवसको उपलक्ष्यमा यही श्रावण २६ गते शनिवार कीर्तिपुरमा एक र्‍यालीको आयोजना गर्ने भएको छ ।

उक्त दिन विहान ७.३० बजे कीर्तिपुर नयाँबजारको लोकतान्त्रिक चोकमा भेला भइ र्‍याली निकालेर निम्न ठाउँहरूमा परिक्रमा गरिने भएको छ । पाँगा दोबाटो-ढोकासी-लाछी-दथल-दिख्य-चीखु- हुँदै नगांमा पुगेर कोणसभा हुनेछ । कीर्तिपुर क्षेत्रमा आदिवासी दिवस मनाउन लागेको सम्भवतः यो नै पहिलो पटक हो । उक्त दिनको लागि मूलवासी नागरिक समाजले निम्न बमोजिमको नारा तय गरिएको मूलवासी नागरिक समाजका संयोजक विधु प्रकाश कायस्थले जानकारी गराउनु भएको छ ।

मूलवासी एकता-जिन्दावाद, सम्पूर्ण मूलवासी-एक हौं, मूलवासीको हक, अधिकार – सुनिश्चित गर, अब राज्यसत्तामा नेतृत्व – मूलवासीको

## कीर्तिपुरमा बाखँ दबू

# २० जना कथाकारहरुले एउटै दबलीमा कथा वाचन






कीर्तिपुर/नेपाल भाषाको कथा विधाको विकासको लागि विगत चार वर्षदेखि सक्रिय रहँदै आएको बाखँ दबू संस्थाले नेपालको विभिन्न जिल्ला लगायत मुलुक बाहिर सिक्किम र दार्जिलिङ्गसम्म आफ्नो कथा यात्रा गरीसकेका बाखँ दबूले कीर्तिपुरमा पनि कार्यक्रम गरेको छ। गत साउन १९ गते शनिवार प्रतिभा साहित्यिक परिवारको संयुक्त आयोजनामा मङ्गल उच्च मा.वि.को सभाहलमा कार्यक्रम गरेको थियो।

प्रमुख अतिथि प्रतिभा साहित्यिक परिवारका संस्थापक अध्यक्ष एवं संरक्षक राजभाइ जकःमिले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा विशेष अतिथि बाखँ दबूका संयोजक लक्ष्मण राजवंशी हुनुहुन्थ्यो। प्रतिभा साहित्यिक परिवारका अध्यक्ष ज्ञानवहादुर महर्जन नेवाःको सभापतित्वमा, रश्मि नापितले संचालन गर्नु भएको उक्त कार्यक्रममा परिवारका सचिव श्रीकृष्ण तन्डुकारले स्वागत मन्तव्य दिनु भएको थियो।

कार्यक्रममा कीर्तिपुरका गायक एवं संगितकार गुजे मालाकार, वीरप्रसाद भन्सारी र मीना महर्जनले दुर्गालाल श्रेष्ठले लेख्नु भएको र गुजे मालाकारले संगित राख्नु भएको 'न्हूदँ जक वल न्हूगु दिं अभ्र मवःनि' गीत गाउनु भएको थियो।

सुजिता महाःजुले बाखँ दबूको परिचय दिनु भएको थियो। दया खड्गीले शुभ कामना मन्तव्य दिनु भएको थियो। बाखँ दबू र प्रतिभा साहित्यिक परिवार वीच समन्वय गराउनु हुने उपन्यासकार नजरराम महर्जनले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

उक्त कार्यक्रममा विद्या ताम्राकार, बुद्ध नेवाः, सौरभ शाक्य, सरस्वति तुलाधर, रामेश्वर जलन, वद्रि वेदना, कृष्णभक्त वोडे, तुयु पुं, गोविन्द मान श्रेष्ठ, समुद्र देवी ताम्राकार, त्रिरत्न शाक्य, विमल प्रभा बज्राचार्य, शरद कसाः र कीर्तिपुरका जितेन्द्र महर्जन, अर्जुन नेपाःमि, सुवर्ण महर्जन र नजरराम महर्जनले कथा वाचन गर्नु भएको थियो। वाचित कथाको समिक्षा लक्ष्मण राजवंशीले गर्नु भएको थियो।

प्रमुख अतिथि राजभाइ जकःमिले यस्तो कार्यक्रमले नेपालभाषाको कथा विधाको विकासमा सहयोग पुग्ने आशा व्यक्त गर्नुभएको थियो।

सभापतिको आसनबाट ज्ञानवहादुर महर्जनले यो प्रतिभा साहित्यिक परिवारको ६९ औं श्रृखला भएको जानकारी दिनुभयो। प्रत्येक महिनाको दोस्रो सनिवार नेपालभाषामा र अन्तिम सनिवार विविध भाषाको कार्यक्रम गर्दै आइरहेको जानकारी दिनुभयो।

## खड्गी परिवारद्वारा बाजा प्रशिक्षण सुरु

हरेक वाह्र वर्षमा कीर्तिपुरमा सिकाइने खड्गी बाजा 'नायखिं बाजा' यस वर्ष गत साउन २१ गते गुरु इन्द्रवहादुर शाहीले बाघभैरवस्थानमा रहेको नाटेश्वर (नासः द्यः)को पुजा गरी शुभारम्भ गर्नु भएको छ। कीर्तिपुर खड्गी परिवार बाजा संरक्षण समितिले हरेक बाह्र वर्षमा सिकाइने बाजा यस वर्ष पनि सिकाइएको हो। कीर्तिपुरमा खड्गीहरूको ६५ घर रहेका छन। बाजा सिक्नको लागि १२ वर्षभन्दा माथिको हुनु पर्ने र यो बाजा महिलाले सिक्न नहुने नियम रहेको छ। प्रत्येक घरको कमसे कम एक जनाले सो बाजा बजाउन सिक्नै पर्ने नियम रहेको छ। यस वर्ष ३५ जनाले सो बाजा प्रशिक्षण लिने कुरा बाजा संरक्षण समितिका अध्यक्ष सन्तवहादुर खड्गीले जानकारी गराउनु भएको छ। यस बाजा प्रशिक्षणको गुरु इन्द्र वहादुर शाही, कजि तरी खड्गी र कतांगुली जगत खड्गी रहनु भएको  राजभाई खड्गीले बताउनु भयो।

## गाईजात्रा विशेष फोटो प्रदर्शन गरिने

कीर्तिपुर नेवाः सांस्कृतिक संग्रहालयले आउँदो भाद्र ५ गते जनैपूर्णिमाको दिनमा गाईजात्रामा खिचिएका फोटोहरू मात्र विशेष प्रदर्शन गरिने भएको छ। सो प्रदर्शनमा आफ्नो फोटो पनि समावेश गर्न आउँदो साउन ३२ गते भित्र आ-आफ्नो फोटो उपलब्ध गराउनु हुन संग्रहालयले अनुरोध गरेको छ।

## बाघभैरवस्थानमा स्वास्थ्य शिविर हुने

नेपाली कांग्रेस कीर्तिपुर नगरसमितिको संयोजन र नेपाल युवा विकास प्रतिष्ठान तथा चेतनाका लागि महिला प्रयासको संयुक्त आयोजनामा यही श्रावण २५, २६ र २७ गते शुक्रवार, शनिवार र आइतवार विहान ८ बजेदेखि बाघस्थानमा स्वास्थ्य शिविर हुने भएको छ। शिविरमा निम्नलिखित सेवाहरू उपलब्ध हुनेछन : १. माइग्रेन २.आँखा ३. नाक, कान, घाँटी, ४. थाइराइड ५. मुटुरोग/ब्लड प्रेसर ६. दम ७. ग्याष्ट्रिक ८.अल्सर ९.पत्थरी १०.मुत्ररोग ११.हाडजोर्नी, १२.नशा च्यापिएको १३.हड्डी च्यापिएको १४.युरिक एसिड १५. प्यारालाइसिस १६. सबैखाले यौन समस्या १७. हर्निया १८. हाइड्रोसिल १९. बाँझोपन २०. सौन्दर्य तथा छाला २१. पाइल्स २२. फिस्टुला २३.स्त्री रोग २४. मधुमेह (सुगर) २५. मोटोपना २६. ब्लड तथा बोन क्यान्सर २७. डाइरिया, शिविरमा स्वास्थय परिक्षण गर्नुहुने डाक्टर तथा विशेषज्ञहरू : डा. चन्द्र कार्की, डा. ओम प्रकास कोलोनी, डा. बिजय भुर्तेल, डा. केलिन राई, डा. मधुर अधिकारी लगायतको टोली रहनेछन।


बाघभैरव बचत तथा ऋण सहकारी संस्था लि.

**ब्याजदर परिवर्तनको सूचना**

**यस संस्थाद्वारा बचत तथा ऋण लगानीमा निम्न अनुसार ब्याजदर कायम गरिएको छ।**

**१. मुद्दती बचत अन्तरगत**

१ वर्षमा – १२ %
२ वर्षमा – १३ %
३ वर्षमा – १४ %

**२) बाघ भैरव विशेष वचत अन्तर्गतको खातामा ८%दैनिक मौज्दातमा व्याज पाइने**

**३) कर्जा अन्तर्गत :**

बिना धितो (सामूहिक जमानीमा) **१९%** घट्दोदरमा
धितो कर्जा अन्तर्गत **१६% देखि १७%** घट्दोदरमा

**पूनश्चः** रु दशलाखसम्मको कर्जा माग गरेको ३ (कार्य) दिन भित्र कर्जा प्रवाह गर्नेछ।

**बाघभैरव बचत तथा ऋण सहकारी सस्था लि.**
**नयाँबजार, कीर्तिपुर, फोन ४३३०२३६, ४३३३९२८**



# हार्दिक बधाई



यस विद्यालयबाट २०६९ सालको नियमित एस.एल.सी. परीक्षामा सम्मिलित, हाल कक्षा ११ मा अध्ययनरत छात्रा **सुश्री लुमन्ती महर्जन**को प्राप्ताङ्क चित्त नबुझी पुनः योग (Re-total) गराउँदा ऐच्छिक द्वितीय 'लेखा' (Accountancy) विषयमा १० अङ्क वृद्धि भई ७२४ (९०.५०% प्रतिशत) कुल प्राप्ताङ्क ल्याई विद्यालय सर्वोत्कृष्ट (School Topper) हुन सफल भएकोमा विद्यालय परिवार हार्दिक बधाई ज्ञापन गर्दछ।

प्रिन्सिपल
तथा
**हिलटाउन इण्टरनेशनल उच्च मा.वि.परिवार**
बाघभैरवस्थान, कीर्तिपुर १

# विश्व नेपालीको गीतको म्यूजिक भिडियो मोबिल्याण्डले बनाउने

कीर्तिपुर सन्देश/ कीर्तिपुर नयाँबजारमा कर्पोरेट अफिस रहेको मोबिल्याण्ड ग्रुप अफ कम्पनीज्ले यस बर्ष कीर्तिपुर कै चर्चित तथा नेपालकै उदयमान गायक विश्व नेपालीको नयाँ एल्बम 'रंग'मा रहेको गीत 'मुटु सिएर' बोलको म्युजिक भिडियो तयार पार्न सम्पूर्ण सहयोग गर्ने भएको छ।

त्यस ग्रुप अन्तर्गतको दर्शन मोबि केयरले गतबर्ष पनि उक्त गायकको उत्कृष्ट 'एल्बम'मा रहेको 'सबैलाई जित्ने' बोलको गीतको म्युजिक भिडियो तयार पार्न समेत सहयोग गरेको थियो भने सो गीत गत बर्षको ईमेज अवार्डमा छ वटा नोमिनेशनमा परि ३ वटा एवार्ड समेत जितेको थियो।

विश्व नेपालीको सो एल्बमले Best Composition of the Year Award, Best Arrangment of the Year Award / Best Recording of the Year Award समेत जितेको थियो। विश्व नेपाली हाल नेपालकै एक उदीयमान गायक हुन् भने मोबिल्याण्ड ग्रुप अफ कम्पनीज् नेपालकै उदीयमान बिजिनेश ग्रुपहो। विश्व नेपालीको सो एल्बममा जम्मा७ वटा गीत रहेका छन् भने सो एल्बममा रहेको 'भन के छ बन्दोबस्त' बोलको गीत हाल बिभिन्न एफ.एम् स्टेशनहरू जस्तै Kantipur FM, Times FM, Hits FM, Image FM आदिको Count downहरूमा अग्रस्थानमा रहन सफल भएको छन्।

मोबिल्याण्डले प्रायोजन गर्न लागेको 'मुटु सिएर' बोलको सो गीत सांच्चै नै मुटु नै छुने र कर्णप्रिय छ र यो गीतले यस बर्ष पनि बिभिन्न अवार्ड जित्ने अनुमान गरिएको छ। सो गीतलाई आनन्द र ईाले संगीत दिएका छन् भने रचनाकार आनन्द अधिकारी हुन्। सो म्यूजिक भिडियोमा चर्चित कलाकारहरूले अभिनय गर्नेछन् भने म्यूजिक भिडियोलाई सुरजले निर्देशन गर्ने भएका छन्। सो म्युजिक भिडियो दशै अगाडी नै बजारमा आउनेछ।

# बाघभैरव स्कुलमा Little Docter Program



कीर्तिपुर नयाँबजारस्थित बाघभैरव बोर्डिङ्ग हाइस्कुलमा कक्षा ६ र ७ मा अध्ययनरत २४ जना विद्यार्थीलाई लिटिल डाक्टर प्रोग्राम अन्तर्गत स्वास्थ्य शिक्षाको तालिम सुरु गर ेको छ।

गत साउन १९ गते शनिवार एक कार्यक्रम वीच प्रमुख अतिथि डा. श्याम सुन्दर मिश्रले उद्घाटन गर्नु भएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम मान सिंहको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विशेष अतिथिमा काठमाडौं जिल्ला शिक्षा कार्यालयका उपसचिव दुर्गा प्रशाद प्रसाईं हुनुहुन्थ्यो। अन्य अतिथिहरूमा डा. किशोर वन्जाडे-पाटन अस्पताल, डा. वसन्त महर्जन- काठमाडौं मोडेल अस्पताल, डा. पेरु प्रधान – कीर्तिपुर अस्पताल हुनुहुन्थ्यो।

स्वागत मन्तव्य प्रिन्सिपल टेक नाथ निरौलाले दिनु भएको थियो। डा. श्याम सुन्दर मिश्रले लिटिल डाक्टर प्रोग्रामको बारेमा आफ्नो मन्तव्यको क्रममा बताउनु भयो, "लिटिल डाक्टर प्रोग्राम २०५२ सालमा स्थापना भएको थियो। यो प्रोग्रामको उद्देश्य भनेको साधारणतया रोग के हो ? रोगबाट बच्ने उपाय बारे सर्वसाधारण मा जानकारी दिलाउन बालबालिकालाई स्कूल तहबाट नै सिकाउनको लागि यो कार्यक्रम ल्याएको हो। यस कार्यक्रमबाट झाडापखाला, निमोनिया जस्ता रोगबाट कसरी बच्न सकिन्छ भन्ने सामान्य जानकारी दिँदै यसको रोकथामको लागि सहयोग गर्ने हो। यो कार्यक्रम हेटौंडा, हिले, धादिङ गरी धेरै ठाउँमा चलिर हेको बताउनु भयो। कीर्तिपुरमा यो नै पहिलो कार्यक्रम र हेको छ।" विशेष अतिथि उपसचिव दुर्गा प्रसाद प्रसाईंले अहिले मुलुकमा जटिल रोगहरू देखा पर्दैछन। अस्पताल मात्र भएर पुग्दैन। यस कार्यक्रमले मानिसलाई रोग लाग्नबाट बचाउन सहयोग गर्ने बताउने भयो।

सभापति राममान सिंहले यी लिटिल डाक्टरले कसैलाई सुई दिने होइन, न त औषधी नै खुवाउने हो। यिनीहरूले रोग कसरी लाग्छ, यसबाट कसरी बच्न सकिन्छ भन्ने सामान्य जानकारी दिने हो। रोग लागेपछि औषधी गराउनु भन्दा र ोग लाग्नै नदिने ठूलो कुरा हो भन्नुभयो। साथै उहाँले यो कोर्ष हरेक शुक्रवार २ घण्टा र शनिवार २ घण्टा पढाई हुने र प्राक्टिकल गराउने। यसबाट विद्यार्थीहरूको पढाईमा असर नपर्ने बताउनु भयो। उक्त कार्यक्रममा समाजसेवी किशोर जंग राणाले पनि मन्तव्य दिनु भएको थियो। उहाँले गरीब तथा जेहेन्दार छात्रवृत्ति अन्तर्गत दृष्टिविहिनका छोरी कक्षा ३ मा अध्ययनरत सहारा नगरकोटीलार्य रु.बाह्र हजार नगद सहयोग गर्नु भएको थियो। उक्त बालिकाले स्कुलमा पढिर हुन्जेल सहयोग निरन्तर रहने बताउनु भयो।

# दर्शनको उपहारको समाचार

बिभिन्न समयमा बिभिन्न उपहार योजनाहरू सम्पन्न गर्दै आएको दर्शन मोबिकेयर तथा मोबिल्याण्ड ईलेक्ट्रोनिक कम्पनी प्रा.लि ले यस पल्ट बिल्कुलै एउटा नयाँ र पृथक ढंगको उपहार योजना ग्राहकमाझ ल्याएको थियो। केही समय अगाडी नयाँबर्षको उपलक्ष्यमा ल्याएको योजनामा पाँचवटा पुरानो मोबाईलसँग एउटा नयाँ मोबाईल साट्ने योजना अत्याधिक ग्राहकहरूले रुचाएका थिए भने १०० भन्दा बढी ग्राहकहरूले यो योजनामा सामेल भएका थिए। अत्याधिक ग्राहकहरूको पुनः सञ्चालन गर्ने माग भएको हुनाले कुनै निश्चित पर्व पारेर पुनः यो योजनालाई निरन्तरता दिने कम्पनीका अध्यक्ष श्री दिनेश दर्शनधारीले कीर्तिपुर सन्देश पत्रिकालाई जानकारी दिनुभयो।

यस बर्ष नै दर्शन मोबिकेयरको सातौं बार्षिक उत्सवको उपलक्ष्यमा तथा मोबिल्याण्ड ईलेक्ट्रोनिकको दोस्रो बार्षिक उत्सवको उपलक्ष्यमा एउटा नयाँ उपहार योजना पनि ल्याएको थियो। जस अन्तर्गत दर्शन बचत तथा ऋण सहकारी संस्थाका सेयर धनीहरूले पुर्ण लाभ उठाएका थिए। ती कम्पनीहरूले सहकारीसंगको सहकार्य योजना अन्तर्गत सहकारीका सेयर धनीहरूले जेष्ठ र आषाढ महिना अवधिमा दुई बर्ष अवधिका लागि मुद्धतिमा रकम जम्मा गर्ने सेयरधनीहरूलाई हात खालि नजाने अन्तर्गत बिभिन्न ईलेक्ट्रोनिक सामाग्रीहरू उपलब्ध गराएको थियो।

सो उपहार योजनामा मोबाईल, र ेफ्रिजेरेटर, वासिंङ मेसिन, भ्याकुमक्लिनर, एल.ई.डी टि भि आदि सामाग्री सो कम्पनीहरूले दर्शन बचत मार्फत ग्राहकहरूलाई बितरण गरिएको थियो।

यस्तो उपहार योजनाहरू दर्शन मोबिकेयर तथा मोबिल्याण्ड ईलेक्ट्रोनिक कम्पनी प्रा.लि ले कीर्तिपुरका अन्य सहकार ीसँग सहकार्य गरेर सञ्चालन गर्न समेत ईच्छुक रहेको सो कम्पनीका सी ई ओ श्री रविकर प्रसाद घिमिरेले बताउनु भयो। दर्शन बचत तथा ऋण सहकारी संस्थामा दैनिक बचत गर्ने हरेक ग्राहकलाई दर्शन मोबिकेयरका तर्फबाट एक एक वटा मोबाईल उपलब्ध गराउदै आएकोमा आगामी आर्थिक बर्षदेखि यस्तो योजनामा कीर्तिपुरका अन्य सहकारी संस्थासँग पनि यस्तै सहकार्य गर्न इच्छुक भएको समेत जानकारी गराउनु भयो।

यसै अन्तर्गत मोबिल्याण्ड ग्रुप अन्तर्गतको एउटा कम्पनीले निकट भविष्यमा नै कीर्तिपुरबासीहरूका हरेक घरमा रोजगारी योजना ल्याउन लागेको जानकारी समेत ग्रुपका अध्यक्ष श्री दिनेश दर्शनधारीले जानकारी दिनुभयो।

सो योजनामा सामेल हुन अति नै सजिलो र सो योजना श्रावण महिनाबाट लागु हुने जानकारी दिनुभयो। सो योजनामा सामेल हुनेले महिनामा कम्तिमा नेपाली रु २०००० (बीस हजार) कमाउने जानकारी समेत दिनुभयो। यसको लागि सम्पुर्ण तयारी भईरहेको र पहिलो चर णमा १० देखि २० घरलाई सामेल गराईनेछ।

# भलाकुसारी टोकल लामासँग



काठमाडौं जिल्ला टल्कु डुदेचौर गा.वि.स. वडा नं. ६ निवासी टोकल लामा रामवहादुर तामाङ्ग र विष्णुमाया तामाङ्गका जेठी छोरी हुनुहुन्छ। ने.क.पा. एमाले पार्टी कार्यकर्ता स्वर्गिय भरत तामाङ्गकी श्रीमती टोकला लामा नेकपा एमालेका निष्ठावान प्रतिवद्ध कार्यकर्ता हुन। २०५४ सालको स्थानीय निर्वाचनमा टल्कु डुदेचौर गा.वि.स. वडा नं.६ को महिला सदस्य उम्मेदवार भै चुनाव लडेर जित्नु भएको थियो। त्यतिबेला टल्कु डुदेचौर गाविसको ४७ जना पदाधिकारीमा ४६ जना नेपाली कांग्रेसका उम्मेदवार जित्नु भएको थियो। नेकपा एमालेको बिउको रुपमा उहाँ एक्लैले जित्नु भएको थियो। उहाँले नेकपा एमालेको गाउँ पार्टी कमिटीको उपाध्यक्ष र १० नं. निर्वाचन क्षेत्रको क्षेत्रिय कमिटीको सदस्य समेत हुनुहुन्छ।

अहिले उहाँ जातिय मुक्तिको लागि संघीयता, वर्गिय मुक्तिको लागि समाजवाद भन्ने नारा लिएर पहिचान सहितको संघीयता पक्षधर नव गठित सङ्घीय समाजवादी पार्टी, नेपालमा प्रवेश गर्नु भएको छ। अहिले उहाँ पार्टीको जिल्ला कमिटी सदस्य तथा सङ्घीय समाजवादी महिला संघको केन्द्रीय सदस्य हुनुहुन्छ। सङ्घीय समाजवादी पार्टी, नेपालमा प्रवेश गर्नु भएको सन्दर्भमा उहाँसँग हाम्रा सम्वाददाता रंजन प्रधानले गर्नु भएको कुराकानीको संक्षिप्त विवरण- सम्पादक

तपाईंको गाउँमा तपाईं नेकपा एमालेकी नेतृ भनेर चिनिनु हुन्थ्यो कहिलेदेखि र कति वर्ष त्यस पार्टीमा काम गर्नुभयो ?

–२०४६/०४७ सालको आन्दोलनको दौरानमा म र मेरो श्रीमान नेकपा मालेमा लागेका थियौं। पछि एमाले भयो। त्यतिबेलादेखि नै पार्टीमा लागिरहें। हाम्रो गाउँमा नेपाली कांग्रेसको बर्चस्व थियो। एमालेमा लाग्नेहरु थोरै मात्र थिए। त्यस्तो कठिन समयमा पनि पार्टीको लागि दिलो ज्यान दिएर लागें। २०५४ सालको स्थानीय निर्वाचनमा पार्टीले मलाई मेरो गाउँको ६ नं वडामा महिला सदस्य उम्मेदवारको रुपमा चुनाव लडायो। गाउँभरिमा सिंगो मैले मात्र चुनाव जितें। यसमा विजयमा वडावासीले मेरो सदासयता र समाजसेवालाई सराहना गरेर जिताउनु भएको ठानेको छु।

*नेकपा एमाले पार्टीमा त्यत्रो वर्ष लगानी गरीसक्नु भएका तपाईले किन पार्टी छाड्नु भएको ?*

–नेकपा एमाले पार्टी हामी जस्ता गरीब वर्गको लागि काम गर्ने पार्टी हो। हाम्रो वर्गिय मुक्ति यस पार्टीले दिलाउँछ भन्ने विश्वास लागेर यो पार्टीमा लागेको थिएँ। पार्टी पटक पटक सत्तामा गयो तैपनि पार्टीबाट कुनै सहयोग लिएको छैन। मेरो विचारमा व्यक्तिगत स्वार्थभन्दा समाज र देशको स्वार्थ ठुलो ठानेको छु। देश संघीयतामा जाने भयो। पार्टीको घोषणा पत्रमा समेत जातिय पहिचान सहितको १५ प्रदेशको उल्लेख गरिएको थियो। यस पार्टीबाट हामीले हाम्रो पहिचान सहितको प्रदेश पाउँछु र सदियौंदेखि पिल्सिएका हामी जनजातिहरूले पनि आफ्नो अधिकार पाउँछौं कि भन्ने लागेको थियो। त्यसैले कतिपय साथीहरू अरू पार्टीमा लागे पनि म डटेर एमालेमै रही काम गरिरहें। तर संविधान दिने बेलामा एमाले पार्टी पहिचान सहितको संघीयताको विपक्षमा उभिएको देखेपछि मन खिन्न भयो। नेकपा एमालेले नेताहरूलाई वर्गिय मुक्ति दियो। हिजो चप्पल लगाएर हिंड्ने नेताहरू आज पजेरो चढेर हिंडेका छन। हिजो टाउको बचाउन पाए हुन्छ भन्ने नेताहरू आज बंगलामा बस्ने भइसक्यो। हामी जनता कार्यकर्ताहरू भने हिजो जहाँ थिएँ आज पनि त्यहीं छौं। नाममात्रको कम्युनिष्ट पार्टी रहेछ। चरित्र त पुरै पूंजीवादी रहेछ। नेकपा एमाले पार्टीका केन्द्रीय उपाध्यक्ष अशोक कुमार राईको नेतृत्वमा सङ्घीय समाजवादी पार्टी नेपालको गठन भयो। उक्त पार्टीले जातिय मुक्तिको लागि संघीयता, वर्गिय मुक्तिको लागि समाजवाद भन्ने मूलमन्त्र लिएको कारण त्यस पार्टीले मात्र हामीलाई मुक्ति दिलाउन सक्छ भन्ने लागेर उक्त पार्टीमा लागेको हुँ।

*के अशोक राईले बोलाएर संघीय समाजवादी पार्टीमा लाग्नु भएको हो ?*

होइन, म कुनै व्यक्तिको पछि लागेर संघीय समाजवादी पार्टीमा लागेको होइन। त्यस पार्टी गठनको क्रममा केही दस्तावेजहरू मैले पनि पाएँ। सो दस्तावेज अध्ययन गर्दा मलाई नेपाली जनताको मुक्ति यस पार्टीले दिन सक्छ जस्तो लाग्यो। त्यसैले म आफै सम्पर्कमा गएको थिएँ। विगतमा मैले पार्टीको लागि निभाएको भुमिकाको कदर गर्दै पार्टीले मलाई जिल्ला कमिटीमा ठाउँ दिनु भयो। म महिला भएको नाताले महिला संघ गठनको लागि पनि प्रयास गरें। मेर ो कामको मुल्यांकन गरेर मलाई महिला संघको केन्द्रीय सदस्यको जिम्मेवार ी दिनु भयो। अहिले त्यही जिम्मेवारी निभाइरहेको छु।

*तपाईंको अबको लक्ष्य के हो ?*

–अबको बाटो भनेको पहिचान सहितको संघीयता, संघीयता सहितको संविधान प्राप्त गर्नु हो। यो उद्देश्य प्राप्तिको लागि सङ्घीय समाजवादी पार्टी, नेपाल गठन भएको हो। हामीले यो अबसर गुमाउनु हुन्न यसर्थ हामीले कुनै दुविधामा नपरि पहिचानसहितको सङ्घीय राज्य प्राप्तीका लागि यस पार्टीमा लाग्नु पर्दछ।

*काठमाडौं जिल्ला त नेवाः राज्यमा पर्छ। नेवाः राज्य आएर तपाईंलाई के फाइदा हुन्छ ?*

म तामाङ हुँ। तामाङको लागि ताम्सालिंग राज्यको अवधारण छ। जब नेवाः राज्य पाउँछ तब न ताम्सालिंग राज्य प्राप्त हुन्छ। नेवाः राज्यमा तामाङ बस्नै हुँदैन भन्ने त होइन नि। नेवाः राज्यमा अरू जातिको पनि पहिचान कायम रहन्छ। नेवाः राज्यमा नेवाः मात्र रहने भन्ने हाम्रो पार्टीको धारणा होइन। अबसर सबैले पाउँछ। नेवाः बाहुल्य क्षेत्र भएर नेवाः राज्यको माग भएको हो।

हैन त ? –निरज




हा...हा...हा...डिग्री रे !? यहाँ डिग्रीको होइन कुर्सीको पावर चल्छ ।

सहकारी संस्था, कार्यालय तथा व्यवसायी संस्था (पसलसमेत)लाई आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, दर्ता चलानी, खरिद तथा विक्रि खाता, हाजिरी कापी तथा अन्य स्टेशनरी सामानहरू सुपथ मूल्यमा पाइने ठाउँ

**किपू वुक प्वाइण्ट**

**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

# नेपालको निर्वाचन, भारतको दिलचस्पी



**ब्यंग सन्देश**
अशोक कुमार महर्जन

'दुई ढुङगाको तरुल' उत्तरतर्फ करिव ७२ र दक्षिणतर्फ २४ गुणा ठूला ढुङगाको कापमा फैलिएको लाम्चो तरुल आकार को नेपालमा भारतको दिलचस्पी बढेको छ । विशेषत नेपालमा आफ्नो अर्धऔपनिवेश र विस्तारवाद कायम गरिराख्नको लागि नेपाल सरकार र दलका नेताहरुलाई गुलियो, मिठो लालीपप दिने परम्परा कायम छ । 'गरीवलाई दिन्छु नभन, कसलाई लान्छु नभन' भन्ने उखान त छदैछ तर नेपाल गरीब भएकै कारण भारतले विभिन्न समयमा यो दिन्छु, त्यो दिन्छु भन्दै नेपाललाई आफ्नो गुलाम बनाउने, र दलका नेताहरुलाई कठपुतली बनाउने परम्परा कायमै छ ।

अझ भनौ नेपालको हरेक आन्दोलन र क्रान्ति र शान्ति सम्झौतामा समेत साक्षि किनारमा बस्ने माइलो दाजुको रुपमा रहेपछि उस्को सहयोग र आवश्यकता हुने पनि भयो । भर्खरै मात्र भारतको विदेश मन्त्री सलमान खुर्सिदले नेपालको भ्रमण गरी राष्ट्रपति, मन्त्री परिषदका अध्यक्ष खिलराज रेगमी र लामबद्ध भएर आएका दलको नेताहरुको पाउचरणले खुशी भएर नेपाललाई उपहारको पोका र सामाग्रीहरुको लिष्ट दिएर जानु भएको छ । भेटघाटको क्रममा ४८ वटा निर्वाचन आयोगलाई, गृह मन्त्रालयलाइ ७१४ वटा गाडी दिने, नेपालको व्यापार प्रवर्द्धन, पारवहन, जलस्रोत नेपालको आगामी निर्वाचनमा आवश्यक सहयोग गर्ने बचन दिनु भएको थियो । त्यतिमात्र हैन आगामी दिनमा अझ राम्रो राम्रो नाना, पापा, रेल गाडी, घर दिने बचनले मख्ख भएका नेपाल सरकार र दलका नेताहरु अव भारत भ्रमणको क्रममा छन् । अहिले शुशिल कुमार आफ्ना दुई महामन्त्री सहित भारतको भ्रमणमा छन् । आगामी निर्वाचनमा सरकारलाई र नेपाली काङग्रेसलाइ सहयोग दिने बचन दिएर फर्काउछन् । भारतको आश्वाशन पाएर नेपाली काङग्रेसमा नयाँ रक्त सञ्चार हुन्छ । त्यो भन्दा ठिक केही दिन अगाडी माधव कुमार नेपाल भारत भ्रमणमा थिए । माधव कुमार नेपाल कुमारबाट प्रमोशन भएपनि कुरा गर्ने, भाषण गर्ने शैली भने कुमार जस्तै देखिन्छ । अझ त्यो भन्दा अगाडी शेर बहादुरले भारत भ्रमण गरेको थियो । शेर र बहादुर मिलाए पनि भारतको अगाडी मुसा बन्ने देउवाको कुरा गरेकै केही बुझिन्न । अझ शेयर बहादुर भन्दा अगाडी प्रचण्ड कमरेडले भारतको भ्रमण गरेको कुरा सबैलाई थाहै छ । आखिर ठूला दलहरुका आफ्ना मालिक भनु, दाताराम भन्नु, सहजकर्ता भन्नु भारत नै भएपछि कस्को के लाग्छ र भारतले चाहना गरेन भने नेपालमा निर्वाचन पनि नहुने मानसिकताका कारण वा भारतको दयामाया पाइ आगामी निर्वाचनमा ठूलो दल बन्ने र सरकार बनाउन आर्शिवाद लिन गएको हो कि ? नत्र भारत भ्रमण नजाने नेताको कद पद प्रतिष्ठामा किन प्रश्न उठ्छ ? शुशिल बाजेलाइ पनि उचाली थचाली भारत भ्रमण गर्न बाध्य गरिए । भारत भ्रमण जाने नेताको शान बढ्ने र उसको पहुँच बढ्ने मानसिकताले घर गरेको नेपालको राजनीतिमा भारती जनताले पनि विस्तारै मत खसाल्न पाउँदैछन् । मधेसमा कति भारतीय मूलका मानिसले नागरिकता पाएका छन् मतदानमा मत हाल्न पाएका छन् । के नेपाल सरकारसँग कुनै तथ्याङक छ । के नेपालको राष्ट्रियताको लागि लडने दलहरुसँग कुनै तथ्य छ ?

जेठा दाजु चिनको सहयोगमा पनि केही स्वार्थ होलान् तर देशै मिच्ने, नेताहरु नै किन्ने ,घरको करेसावारी नै मिच्ने कुनै नियत देखिँदैन र माहिलो दाजुको नियतमा खोत छ वा करेसा बारी मिच्ने, चाडबाडमा भोज बोलाएर आफनो स्वार्थमाथि कुनै प्रश्न उठाउन नसक्ने बनाउने अवस्थाले गर्दा पनि अगामी निर्वाचनमा जता हरिया झण्डा देखायो उत्तै भारीमत आउने सम्भावना पनि छ । अथवा नेपाली जनता कता लस्केछ उतैका लागि बढी सहयोग गर्ने पनि हुन सक्छ । दाइदाइ भाइभाइको नाताले एकले अर्कालाई सहयोग गर्नु राम्रो नै हो तर स्वार्थ सहितको सहयोग खतरनाक हुन सक्छ । नेपालको अस्तित्व बचाउन ठूला दलहरु सक्षम हुनु पर्दछ । नत्र निर्वाचनको नाउँमा, सरकार बनाउने र गिराउने नाउँमा वा सविधान सभाको सहयोगी सहयात्रीको नाउँमा भारतको दिलचश्पी किन बढ्छ ? नेपालको निर्वाचनमा नेपाली जनताले भोट हाल्ने हुन् जनतालाई बाइबाइ, भारत हाइहाइ किन ?

सुगर निको पार्ने

अब सजिलै सुगर, युरिक एसिड, ग्याष्ट्रिक, पायल्स, नसाच्यापिएको, हड्डीखिएको, बाथ, ढाड–कम्मर तथा जोर्नीको दुखाई ग्यारेष्टी निको पार्ने हिमाली जडिबुटी साथै चाइनिज एक्युप्रेसर, एक्युलाइफ तथा जीम फिटनेस थेरापीद्वारा उपचार गरिन्छ ।

नोटः फोन गरेर मात्र आउनु होला

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ ।

एस. एल. सी २०७० मा उत्तीर्ण हुने
सम्पूर्ण विद्यार्थीहरुलाई

**हार्दिक बधाई**

**कक्षा ११ मा**

- **व्यवस्थापन**
- **शिक्षा**
- **मानविकी**

**भर्ना खुल्यो**

JHSS Estd. 2004 जनसेवा उच्च माध्यमिक विद्यालय JANASEWA HIGHER SECONDARY SCHOOL

प्राचार्य

**जनसेवा उच्च मावि**

**बृहत नागरिक सभामा सहभागी बनौं**

**संघीय समाजवादी पार्टी नेपाल को हार्दिक निमन्त्रणा**

नेपालका राजनीतिक दलहरू सर्वदलिय राजनीतिक सम्मेलन गरेर वर्तमान संकटको निकास खोज्ने सवालमा सहमति निकट पुगेको सन्दर्भमा संघीय समाजवादी पार्टी, नेपालले र जनीतिक दल, विभिन्न संघ संस्था र नागरिक समाजका प्रतिनिधिहरू द्वारा विचार व्यक्त गरिने "वृहत नागरिक सभा" निम्न स्थान, मिति र समयमा आयोजना गरिएकाले तपार्यंको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रण गर्दछौं ।

**कार्यक्रम**
**स्थानः** राष्ट्रिय सभा गृह
**मितिः** २०७० श्रावण २७ आइतवार
**समयः** १२ बजे

**अशोक कुमार राई**
**अध्यक्ष**
**संघीय समाजवादी पार्टी, नेपाल**

# सङ्घीय समाजवादी र लिम्बुवान लोकतान्त्रिक वीच पार्टी एकता

**यलम्वर किराँती राई / धरान**



सङ्घीय समाजवादी पार्टी र कुमार लिङ्देनको नेतृत्वबाट फुटेर बनेको मञ्चसम्वद्ध संघीय लिम्बूवान राज्य परिषद (लोकतान्त्रिक) वीच श्रावण १९ गते शनिवार धरानमा पार्टी एकता भएको छ। धरान ८ स्थित सभागृहमा शनिवार घोषणा सभा कार्यक्रम गरेर दुवै पार्टीवीच एकताको घोषणा गरेको हो।

पार्टी एकता घोषणा सभामा दुवै पार्टीको तर्फबाट संयुक्त पार्टी एकीकरण घोषणा दस्तावेज जारी गरिएको थियो । घोषणा दस्तावेज अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल अन्तरगत ऐतिहासिक शासकीय भुगोल, जातीय, भाषिक र साँस्कृतिक आधारमा लिम्बूवान लगायत पहिचानमा आधारित संघीय इकाइहरू निर्माण गर्न दुवै पार्टी सहमत रहेको उल्लेख गरिएको छ । साथै, समाजवादी पार्टीको विधानको अध्याय ४ मा उल्लेखित प्रदेश समिति र प्रादेशिक निकायहरूलाई राज्य समिति र राज्य समितिका निकायहरूको रुपमा विकास गर्दै अविलम्ब राज्य समिति निर्माण गर्न पनि दुवै पार्टी सहमत र प्रतिवद्ध रहेको घोषणा दस्तावेजमा उल्लेख छ । साथैं, पार्टीको नाम भने संघीय समाजवादी पार्टी नेपाल नै रहने र पार्टीको झण्डामा पनि हाल संघीय समाजवादीले प्रयोग गरिरहेकै हुने घोषणा दस्तावेजमा उल्लेख छ ।

गत वर्ष पुष १ गते लोक सागर साँवाको अध्यक्षतामा मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद (लोकतान्त्रिक) पार्टी घोषणा भएको थियो । कुमार लिंदेनसँगको लामो अन्तर संघर्षपछि २५ सदस्यीय केन्द्रीय समितिसहित लोकतान्त्रिक फुर्का जोडेर नयाँ पार्टी घोषणा भएको थियो। पार्टी एकता घोषणा सभा हुनुअघि वृहत र्‍याली निकालिएको थियो । पार्टी एकता घोषणा सभालाई सम्वोधन गर्दै समाजवादीका केन्द्रीय उपाध्यक्ष रिजवान अन्सारीले सबै जाति, धर्म, वर्ग र समुदायलाई सम्मान गर्दै उनीहरूलाई पनि सँगै लिएर पार्टी आन्दोलनमा होमिने बताए । वर्षौंदेखि उत्पीडित जाति, वर्ग तथा धार्मिक समुदाय राजनैतिक रुपमा संगठित गर्दै समाजवादी पार्टीले नयाँ नेतृत्व, नयाँ विचारले नयाँ नेपाल बनाउने बताए ।

यस्तै, अर्का केन्द्रीय उपाध्यक्ष र कम चेम्जोङगले पार्टी एकता ऐतिहासिक भन्दै पार्टीले आन्दोलनसँगै तमाम उत्पीडित जाति, समुदायको मुक्तिको अभियान पनि चलाएको बताए। संघीय समाजवादीमा प्रवेश गरेका परिषद अध्यक्ष लोकसागर साँवाले एकात्मवादीहरूको विरुद्धको आन्दोलनलाई गन्तव्यमा पुऱ्याउन पार्टी एकता गरेको बताए ।

# सावनमा एक प्रेमीको अनुभुति



प्रेमकृष्ण श्रेष्ठ

कसैले बुझोस् कि नबुझोस्, सावनको पानी एकनास बोलिरहेको छ , फूलवारीमा। जस्तो, झ्याउँकिरीले बस्ती निदाउँदा कथा सुनाउँछ डाँडापाखालाई सावनको रातमा। सावनको हावा सिर्सिर चल्दै कानमा कानेखुशि लाउँछ । यो सावनमा मेरो हातमा कुनै छाता छैन, बरु छाताको ठाउँमा तिम्रो केशराशि फिँजिएको छ, छाता भएर । जीवनमा सावनको यस्तो झरीमा म कैले रुझेको छैन । शायद, यो सावन स्वर्गवाटै तप्किएको छ । मेरो प्रेमको मधुरतामा अझ मधु छर्केर यो सावनको पानीले 'जीवन जति अमृत अरु केही चिज छैन' भनेर ब्यक्त गर्न खोजेको प्रतीत हुन्छ। कहाँ जाऊँ म यो सावनको पानीवाट उम्केर ? तिमीलाई लपक्कै भिजाएर जोवनको न्युड चित्र कोरिरहेको यो बूढो चित्रकार, यो सावनमा पिकासोको औतार लिएर आएको छ। यतिखेर मेरो मनमा एक गीत गुँजित छ ( दिवाना हुवा बादल, सावन की घटा छाई । उफ ! स्थिति नियन्त्रण भन्दा कति टाढा छ, यो बदमास सावनमा ।

सावनमा आगो र पानीले पनि अनुकुल सम्वन्ध गाँस्दो रहेछ । होइन भने सावनको यो मुसलधारे पानीमा दिल दन्किएर किन बाफिन्छ यस्तरी ? हरियो चुराले परिपूर्ण तिम्रा नाडीहरूमा सावनको पानी ठोकिएर टुक्रिन्छ। हत्केलाको मेहन्दी रसिँदै छ सावनको पानी जस्तो । तिम्रो हत्केलाको थोरै मेहन्दी मेरो ओठमा पनि लाइदेऊ, कि म पनि यो सावनसँग थोरै जिस्कन सकुँ।

सावनको बेला यौनले परिपूर्ण तिम्रा ती सजल आँखाका परेलामा सावनको पानी गुलाफमा शीत परेजस्तो झुन्डिँदा कम्ता रोमाञ्चित छुइनँ म । सावनको त्यो पानी रफ्तार लिँदै गालासम्म पुग्छ र अनि अलमल्लिएको यात्रा देखिन्छ। हेरि रहन्छु त्यो सावनको पानीको रफ्तार । सावनको पानीको त्यो रफ्तारले किन किन मेरो मन विभोर हुन्छ । म सावनमा उन्मुक्त बादललाई अझै बर्षन कामना गर्छु। तिम्रा गालामा भलै सावनको पानीले चुम्वन गरोस्, तर त्यही पानीमा आफ्नो अस्तित्व साटेर मैले पनि स्वाद पिएको छु। यतिखेर मलाई झकझकाएर मानिस नबनाइदिने हो भने म पनि सावनको एक थोपा पानी हुँ । गालासम्म रफ्तार लिएको र गन्तव्य हराएको यात्री जस्तो अल्मलिएको । म यो सावनमा लाखौ सावनको स्वाद लिन चाहान्छु। किनकि यो सावनमा जस्तो म अर्को सावनमा बाँचेको हुँला, नहुँला ? तर, यो अमर सावनको

झरी सुक्ने छैन । त्यो बेला यो सावनले अरू कसैको प्रेमीको प्रेमिकालाई रुझाएर मभित्र अहिले उठेको भाव प्रेमीभित्र उठाइदेला । त्यो बेला ती प्रेमी र प्रेमिकाले मेरो नाम नलियुन् भलै, तर अहिले जुन सावन म भोग्दै छु मेरी प्रेमिकासँगै रुझेर, के कम हो र त्यो मेरो लागि। यो सावनमा म बाँचि रहेको छु । यो सावनमा म कवि छु। तिम्रो पछ्यौरीमा सावनको कविता कोर्दै छु। यो मेरो लागि अलिकता पनि कम होइन, सावनको कसम ! म बाँच्न चाहान्छु , अर्को सावनसम्म पनि । यस्तै झरीमा रुझ्न, यही प्रेम गर्न र त्यो बूढो चित्रकारको पुनः एउटा न्युड चित्र हेर्न, सावनमा रुझेर तिमीसँगै। *(प्रत्येक वाक्यमा एउटा एउटा सावन शब्दको प्रयोग भएको छ। यो कथा प्रयोगवादी कथा हो।)*

# सरकारको आँखामा सहकारी संस्था

**दिनेश दर्शनधारी**

गत बर्षको माघ १२ गते नेपाल सरकारले एउटा उच्च स्तरिय समिति गठन गरेको थियो जसको प्रमुख कारण थियो सहरी क्षेत्रका ठूला सहकारीमा देखिएको समस्या। समितिमा अर्थ मन्त्रालयका सहसचिव कृष्णप्रसाद देवकोटा, सहकारी मन्त्रालयका सहसचिव रामकृष्णप्रसाद देवकोटा, सहकारी मन्त्रालयका सहसचिव रामकृष्ण सुवेदी, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव कृष्णराज बीसी, राष्ट्रिय सहकारी संघका उपाध्यक्ष विजयराज घिमिरे, नेपाल बचत तथा ऋण केन्द्रीय संघका अध्यक्ष मीनराज कँडेल, राष्ट्रिय सहकारी संघका सञ्चालक दक्ष पौडेल सदस्य र सहकारी विभागका रजिस्ट्रार केदार न्यौपाने सदस्य सचिव थिए।

सो अध्ययन समितिको अध्ययन अनुसार कतिपय सहकारीलाई पारिवारिक व्यवसायका रुपमा दुरुपयोग गरिएको, घरजग्गामा लगानीको सीमा कार्यान्वयन नभएको, सहकारी शिक्षा र तालिम कमजोर रहेको जस्ता त्रुटि प्रतिवेदनले औंल्याएको थियो। लेखा समिति प्रभावकारी नहुनु नियामक निकाय सहकारी विभागसँग पर्याप्त क्षमता नहुनु, बचत ऋण सहकारीको अनुगमन गर्ने छुट्टै निकायका लागि लघुवित्त प्राधिकरण ऐन छिटो अगाडि बढाउन समेत सुझाव दिएको थियो।

समस्याग्रस्त भई बचतकर्ताहरूको निक्षेप फिर्ता गर्न नसकेका सहकारीको समस्या समाधान गर्न समितिले सेयर सदस्यसहितको अधिकार सम्पन्न व्यवस्थापन समिति गठन गरी बचत फिर्ता गर्ने वातावरण मिलाउन सुझाएको थियो। समितिको सुझाव अनुसार नै आ व ०७०/०७१ को बजेटले समेत व्यवस्थापन समिति गठन गर्ने घोषणा गरेको छ। त्यस्तै बजेटमा ५० करोडभन्दा बढी कारोबार भएका सहकारीको अनुगमनका लागि राष्ट्र बैंकले विज्ञ टोली खटाउने, विभागको क्षमता बढाउने लगायतका कार्यक्रम पनि ल्याइएका छन्।

अध्ययन समितिको अध्ययन प्रतिवेदन एकातिर छन् भने अर्कोतिर सरकारको आँखा पनि सहकारीतिर तेर्सिएको महसुस यसै बजेट भाषणमा उल्लेखित सहकारी सम्बन्धि बुँदाहरूबाट प्रष्ट हुन्छ। यसले गलत बाटोमा हिँडेका सहकारीहरूलाई सही बाटोमा हिँड्न बाध्य पार्नेछ। सरकार अझ कडा भएर प्रस्तुत हुने हो भने हरेक सहकारी राम्रा मान्छेको समूहबाट संचालित हुनेछन् र नराम्रा र कुत्सीत मनसाय भएका संचालकहरू आफसे आफ पलायन हुनेछन्। सरकारका यस्ता क्रियाकलापले गतल गरिरहेका सहकारी तथा त्यस्ता सहकारीका संचालकलाई ठुलै टाउको दुखाई भएको छ।

त्यस्तै अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालको संयोजकत्वमा रहेको उच्च स्तरिय छानबिन समितिले सहकारीमा एक व्यक्तिले ३० लाख भन्दा बढी बचत राख्न नपाउने व्यवस्था गर्न सुझाएको थियो। त्यस्तै सहकारी सञ्चालक समितिका कुनै पनि व्यक्ति संस्थाको कार्यकारी पदमा बस्न नपाउने व्यवस्था गर्न तथा सञ्चालक, कार्यकारी प्रमुख र लेखा समिति सदस्य एकाघरका परिवारबाट बस्न नपाउने ब्यवस्था तत्कालै लागू गर्न सिफारिस गरेको छ।

यसरी अवका दिनका सहकारीमा सरकारको आँखा परेको पक्कै महसुस भएको छ। बजेटमा पनि उल्लेख भए अनुसार सरकार अव चुप लागेर नबस्ने पक्का पक्की नै छ। सरकारले यस्तो नियमहरू ल्यायो भन्दैमा कुनै पनि राम्रा सहकारी, बचतकर्ता तथा सेयरधनीले डराउनु पर्ने कुनै कारण छैन। तर बतचकर्ताको बचत फिर्ता दिनुपऱ्यो भने दश वटा बहाना बनाउने सहकारी तथा सहकारीको बचत दुरुपयोग गर्ने संचालक तथा अधिकांश निक्षेप घर जग्गामा लगानी गरेका सहकारी, एकै परिवारबाट सिमित स्वार्थका लागि संचालित सहकारी, ३० लाख भन्दा बढी एउटै सहकारीमा जम्मा गरेका बचत कर्तालाई भने सरकारको यो क्रियापलापले भने भुकम्प नै ल्याएको छ।

# संघीय समाजवादी पार्टी, नेपाल काठमाडौं जिल्लाको वृहत भेला हुने

संघीय समाजवादी पार्टी नेपालको काठमाडौं जिल्ला समितिको आयोजनामा पार्टीले हाल संचालन गरिरहेको आन्दोलन संघर्ष र संगठन सम्बन्धी बृहद भेला र पार्टी प्रवेश कार्यक्रम हुने भएको छ। भोलि श्रावण २४ गते विहिवार दिनको १२.३० बजे नेपाः ब्यांक्वेट नयाँबजार खुसीबुँ काठमाडौंमा हुने भएको छ।

उक्त दिन संघीय समाजवादी पार्टी नेपालको नीति र सिद्धान्तलाई अंगालेर पार्टी प्रवेश गर्नेहरूलाई स्वागत गर्ने कार्यक्रम पनि रहेको जनाइएको छ।

**नयाँ शो रूम खुल्यो**




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।

युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८

# DTC को MOBILE र Service Center अब

# कीर्तिपुरमा












GE5



GC2 CDMA



S1 CDMA

* 5 Mobile Sets On Lucky Draw
* Buy One Get One Free
* Surprise Gifts
* Exchange
* Heavy Discount
* Big Sale
* Recharge Cards
* Free Memory Card
* Free Recharge Cards

सीम कार्ड सितैमा

MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412